नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

मा.मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८०/०८/१७

# प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट पशुपन्छीजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले **"उत्पादन साथमा, अनुदान हातमा"** भन्ने नाराका साथ कृषि अनुदानलाई उत्पादनमा आधारित बनाई प्रदेश तथा स्थानीय तहहरुमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र अपेक्षित प्रतिफल उन्मुख बनाउन वाञ्छनीय भएकोले नेपाल सरकार, विनियोजन ऐन २०८० को दफा ९ को उपदफा (२) बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ख) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशस्थित पशुपन्छी तथा मत्स्य विकास क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(घ) "समूह वा समिति" भन्नाले स्थानीय तहमा दर्ता भएका वा कानून बमोजिम दर्ता/सूचिकृत भएका पशुपालक कृषक समूह/समिति सम्झनुपर्छ।

(ङ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन वा दुग्ध उत्पादन/व्यवसाय सम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनुपर्छ।

(च) "साझेदारी/लागत साझेदारी/सहकार्य" भन्नाले कार्यक्रम संचालनार्थ गरिने द्विपक्षीय सम्झौता पत्रमा उल्लेखित दोस्रो पक्ष (अनुदानग्राही) को वित्तीय दायित्वलाई जनाउँछ ।



डा. रेवती रमण पौडेल
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(छ) "अनुदानग्राही/लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम सशर्त कार्यक्रम सञ्चालनका लागि छनौट भएका कृषक समूह/समिति/सहकारी, संघ/संस्था/कम्पनी, निजी, उद्यमी/व्यवसायीहरुलाई सम्झनुपर्छ।

(ज) "सशर्त कार्यक्रम" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत् प्रदेश तथा स्थानीय तहहरुमा विनियोजित पशुपन्छी तथा मत्स्य विकासका कार्यक्रमहरुलाई सम्झनुपर्छ ।

(झ) "सम्बन्धित कार्यालय" भन्नाले प्रदेश, जिल्ला वा स्थानीय तहका पशुपन्छी तथा मत्स्य विकास क्षेत्र हेर्ने कार्यालय सम्झनुपर्छ।

(ञ) “पशुपन्छीजन्य उत्पादन” भन्नाले दूध, फुल, माछा, मासु, ऊन, पश्मिना, हाड, छाला र यिनीहरुबाट बनेका वस्तुहरुलाई समेत जनाउँछ।

(ट) “सार्वजनिक पूर्वाधार” भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने पशुपन्छी तथा मत्स्य सम्बन्धी बजार पूर्वाधार, दूध सङ्कलन केन्द्र, चिस्यान केन्द्र, बधस्थल, बधशाला लगायत अन्य सार्वजनिक प्रयोजनका पशुपन्छी तथा मत्स्य सम्बन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

(ठ) “सामुदायिक पूर्वाधार” भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने पशुपन्छी तथा मत्स्य सम्बन्धी बजार पूर्वाधार, दूध सङ्कलन केन्द्र, चिस्यान केन्द्र, बधस्थल, बधशाला लगायत अन्य सार्वजनिक प्रयोजनका पशुपन्छी तथा मत्स्य सम्बन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

(ड) “निजी पूर्वाधार” भन्नाले कृषक वा फार्म वा कम्पनीबाट निर्माण हुने पशुपन्छी तथा मत्स्य सम्बन्धी बजार पूर्वाधार, दुध सङ्कलन केन्द्र, चिस्यान केन्द्र, मासु पसल, मिट मार्ट, डेरी पसल लगायत अन्य पशुपन्छी तथा मत्स्य सम्बन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ ।

३. उद्देश्यः यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन र प्रगति प्रेषणमा सहजीकरण गर्ने।

(ख) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता, पारदर्शिता र एकरुपता कायम गर्ने।

(ग) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरुलाई सुसुचित गर्ने।

(घ) पशुपन्छी तथा मत्स्य जन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने।



डा. रेवती रमण पौडेल
सचिव

## परिच्छेद २

## कार्यक्रम व्यवस्थापन

४. **लक्षित वर्ग र क्षेत्रः** (१) सम्बन्धित स्थानीय तहले सशर्त कार्यक्रमको प्रकृति तथा स्थानीय सम्भावना र आवश्यकताको आधारमा सशर्त कार्यक्रममा समेटिने कृषक, समूह, समिति, सहकारी, फर्म, संस्था, कम्पनी, निजी उद्यमी, व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) सशर्त कार्यक्रममै स्थान तोकिएको अवस्थामा सोहि बमोजिम र स्थान नतोकिएको अवस्थामा कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा आफ्नो कार्यक्षेत्र भित्रको उपयुक्त स्थानको पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(३) सम्बन्धित स्थानीय तहले प्रतिफलमा आधारित प्रोत्साहन तथा ब्यवसाय विस्तार पुरक अनुदान कार्यक्रम, पशुपन्छी तथा मत्स्य प्रवर्द्धन, ब्यवसायीकरणको क्षेत्रमा नव प्रविधिको अवलम्वन गरेका र अरु ब्यवसायीहरुलाई प्रविधि सिकाउन तथा उत्प्रेरित गर्न उत्प्रेरकको, अगुवाको रुपमा कार्य गर्दै आएका कृषक ब्यवसायीहरुलाई सुचना प्रवाह गरेर सुची तयार गर्नु पर्नेछ। यसरी सुचीकृत गरिएका पशुपन्छी तथा मत्स्य ब्यवसायीहरुलाई निश्चित मापदण्ड तयार गरि मूल्याङ्कन, स्थलगत अनुगमन गरि उत्कृट ठहरिएका ब्यवसायीहरुलाई उपलब्ध बजेटको अवस्था हेरी निश्चित रकम कृषक ब्यवसायीको खातामा अनुदान स्वरुप उपलब्ध गराउनु पर्नेछ। यस्तो प्रोत्साहन अनुदान समुह सहकारी समेतलाई उपलब्ध गराउन सकिनेछ।

(४) स्थानीय तहले सुचीकृत भएका कृषक व्यवसायीहरुलाई ब्यवसाय विस्तारको लागि पुरक प्रोत्साहन अनुदान प्रदान गर्न माथि सुचीकृत भएका ब्यवसायहरु मध्ये ब्यवसाय विस्तार गर्न ईच्छुक व्यवसायीहरुको लागी ब्यवसाय विस्तारको प्रस्ताव मापदण्ड लक्षित वर्ग र क्षेत्र तोकेर माग गर्नुपर्नेछ ।

(५) प्रोत्साहन अनुदान तथा ब्यवसाय विस्तार अनुदान प्राप्त गर्ने मापदण्ड र प्राप्त गर्ने कृषकहरुको नामावली संचार माध्यमहरु एफएम, रेडियो तथा स्थानीय पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

डा. रेवती रमण पौडेल
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. **निर्देशक समितिः** (१) प्रदेश तथा स्थानीय तहहरुमा सञ्चालन हुने सशर्त कार्यक्रम सञ्चालन प्रकृयालाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

(क) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छी तर्फ) -संयोजक

(ख) सह-सचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(घ) सह-सचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(ङ) सह-सचिव, योजना तथा वैदेशिक सहायता समन्वय महाशाखा -सदस्य

(च) महानिर्देशक, पशु सेवा विभाग -सदस्य-सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा तीन जनासम्म विषय विज्ञ वा सरोकारवाला निकायका प्रमुख वा प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने ।

(ख) सशर्त कार्यक्रम सञ्चालनमा प्रदेश मन्त्रालय र स्थानीय तहहरुसँग समन्वय गर्ने ।

(ग) सशर्त कार्यक्रम कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने ।

(घ) सशर्त कार्यक्रम सञ्चालनमा आइपरेका समस्या सम्बोधन र सहजीकरण गर्ने ।

(ङ) अन्य आवश्यक कार्यहरु गर्ने/गराउने ।

६. समन्वय तथा अनुगमन समितिः

(१) प्रदेश मन्त्रालयले सशर्त कार्यक्रम कार्यान्वयनमा सहजीकरण, समन्वय र अनुगमनका लागि समन्वय तथा अनुगमन समिति गठन गर्न सक्नेछ । तर पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रदेश तहमा कुनै समिति वा संरचना विद्यमान भएमा सोही समितिले यस दफा बमोजिमको कार्य गर्न सक्नेछ ।

(२) समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश तहमा क्रियाशिल संघीय निकाय, मातहत कार्यालय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने ।

(ख) प्रदेश र स्थानीय तहबाट सञ्चालित सशर्त कार्यक्रमहरुको अनुगमन गर्ने ।

(ग) सशर्त कार्यक्रम लागु भएका स्थानीय तह, प्रदेशका निकायहरुको बर्षको कम्तिमा दुई पटक समीक्षा बैठक सञ्चालन गर्ने र यस्तो समीक्षा बैठकमा संघीय विभाग र मन्त्रालयको सहभागिता गराउनु पर्ने ।

(घ) सशर्त कार्यक्रम सञ्चालनमा आइपरेका समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने।



डा. रेवती रमण पौडेल
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

७. **कार्यक्रम कार्यान्वयन कार्यदलः** (१) स्थानीय तहले पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी सशर्त कार्यक्रम सञ्चालन गर्नका लागि कृषि क्षेत्र हेर्ने पदाधिकारीको संयोजकत्वमा पशु सेवा शाखाका प्राविधिक संलग्न रहने गरी एक कार्यक्रम कार्यान्वयन कार्यदल गठन गर्नेछ । तर पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थानीय तहमा कुनै समिति वा संरचना विद्यमान भएमा सोही समितिले यस दफा बमोजिमको कार्य गर्न सक्नेछ ।

(२) कार्यक्रम कार्यान्वयन कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम प्रोत्साहन अनुदान तथा ब्यवसाय विस्तार अनुदान प्रदान गरिने मापदण्ड लक्षित वर्ग, क्षेत्र, समुदाय र अनुदानग्राही छनौटका आधारहरु निर्धारण गर्ने,

(ख) पशुपन्छी तथा मत्स्य प्रवर्धन, ब्यवसायीकरणको क्षेत्रमा नव प्रवधिको अवलम्वन गरेका र अरु ब्यवसायीहरुलाई प्रविधि सिकाउन तथा उत्प्रेरित गर्न उत्प्रेरकको, अगुवाको रुपमा कार्य गर्दै आएका कृषक ब्यवसायीहरुको सुचना प्रवाह गरेर सुची तयार गर्ने।

(ग) सुचीकृत गरिएका पशुपन्छी तथा मत्स्य ब्यवसायीहरुलाई निश्चित मापदण्ड तयार गरि मूल्याङ्कन, स्थलगत अनुगमन गरि उत्कृट ठहरिएका ब्यवसायीहरुलाई उपलब्ध बजेटको अवस्थाहेरी निश्चत प्रोत्साहन अनुदान उपलब्ध गराउन सिफारिस गर्ने।

(घ) ब्यवसाय विस्तार गर्न ईच्छुक व्यवसायीहरुको लागी पुरक प्रोत्साहन अनुदान प्रदान गर्न ब्यवसायहरुको मापदण्ड तयार गर्ने ।

(ङ) ब्यवसाय विस्तारको प्रस्तावको मूल्याङ्कन गरि सिफारिस गर्ने ।

(च) प्रोत्साहन अनुदान तथा ब्यवसाय विस्तार अनुदान प्राप्त गर्ने मापदण्ड र प्राप्त गर्ने कृषकहरुको नामावली एफएम रेडियो तथा स्थानीय पत्रिकामा प्रकाशन गर्ने।

(छ) ब्यवसाय विस्तारकोलागी पुरक प्रोत्साहन अनुदानकोलागी छनौट भएका अनुदानग्राहीहरुलाई उपलब्ध गराइने अनुदान रकम यकिन गरी सम्झौताको लागि सिफारिस गर्ने ।

(ज) सम्झौता अनुसार सम्पादित कार्यको अनुगमन गरी कार्य प्रगति सम्झौता अनुसार रहेमा अनुदान रकम भुक्तानीका लागि सिफारिस गर्ने र सम्झौता अनुसार कार्य भएको नपाईएमा वा अनुदानको दुरुपयोग भएको अवस्थामा अनुदान रोक्का वा सम्झौता रद्द गर्न सिफारिस गर्ने ।

(झ) सञ्चालित सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण र समीक्षा गर्ने ।

(ञ) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम सञ्चालनमा आइपरेका समस्या सम्बोधनमा आवश्यक समन्वय गर्ने ।

(३) स्थानीय तहको पशु विकास हेर्ने शाखाले कार्यदलको सचिवालयको कार्य गर्नेछ ।

डा. रेवती रमण पौडेल
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(४) यस कार्यविधि अनुरुप प्राप्त आवेदनहरुको मूल्याङ्कन, स्थलगत निरीक्षण, अनुगमन, सम्पादित कार्यको प्रमाणीकरण, भुक्तानी सिफारिस र अन्य कार्यहरुका लागि कार्यदलले आवश्यकता अनुसार कार्यसमूह गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ३

### कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

८. **कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) सशर्त कार्यक्रम अन्तर्गत अनुदान प्रदान गरिने कार्यक्रम सञ्चालनका लागि सम्बन्धित कार्यालयले बार्षिक विनियोजन अनुसारका कार्यक्रम सञ्चालन गर्नका लागि नियमानुसारको म्याद दिई *अनुसूची-१* बमोजिमको सार्वजनिक सूचना मार्फत प्रस्ताव/कार्ययोजना माग गर्नुपर्नेछ। तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने प्रकृतिका नियमित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमहरु सम्बन्धित कार्यालयले आवश्यक विधि निर्धारण गरी सञ्चालन गर्न सक्नेछन।

(२) यस कार्यविधिको *परिच्छेद ४* मा उल्लेखित विभिन्न कार्यक्रमसँग सम्बन्धित मापदण्ड, आधारभूत शर्त पूरा गर्ने इच्छुक आवेदकहरुले सशर्त कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न सक्नेछन्।

(३) कार्यक्रममा सहभागी हुन चाहने आवेदकहरुले *अनुसूची-२* बमोजिमको संक्षिप्त कार्ययोजना, *अनुसूची-३* बमोजिमको निवेदन र *अनुसूची-४* बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी निर्धारित समयभित्र सम्बन्धित कार्यालयमा प्रस्ताव/कार्ययोजना दर्ता गराउनु पर्नेछ ।

(४) सम्बन्धित कार्यालयले प्राप्त प्रस्तावहरु *अनुसूची-५* बमोजिम मूल्याङ्कन र प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यक्रम कार्यान्वयन कार्यदल समक्ष पेश गर्नेछ ।

(५) सम्बन्धित कार्यालयले प्रस्ताव/कार्ययोजना छनौट पूर्व स्थलगत अनुगमन गर्नु पर्नेछ।

(६) सम्बन्धित कार्यालयले पेश गरेका प्रस्तावहरु कार्यक्रम कार्यान्वयन कार्यदलले यथास्थितिमै वा आवश्यक परिमार्जन सहित स्वीकृत गर्नेछ ।

(७) स्वीकृत प्रस्तावका आवेदकहरुसँग सम्बन्धित कार्यालयले *अनुसूची-६* बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(८) तालिम भ्रमण गोष्ठी अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढिमा ५ प्रतिसत सम्म खर्च गर्न सकिनेछ ।

९. **प्रदान गरिने सहुलियत र अनुदानः** (१) प्रदेश तथा स्थानीय तहहरुमा सशर्त विनियोजित बजेटबाट यस कार्यविधिको *परिच्छेद ४* मा उल्लेखित विभिन्न कार्यक्रमको उद्देश्य, प्रमुख क्रियाकलाप, न्यूनतम मापदण्ड र अन्य प्राविधिक पक्ष समेटिएका तथा स्थान विशेषको आवश्यकता बमोजिमका पशुपन्छी तथा मत्स्य



डा. रेवती रमण पौडेल
सचिव

विकास सम्बन्धी कार्य सञ्चालन गर्दा सम्बन्धित कार्यालयले अनुदान उपलब्ध गराउन सक्नेछ । कार्यक्रमको प्रकृति अनुसार यसरी प्रदान गरिने अनुदान नगद, वस्तुगत वा दुवै प्रकृतिको हुन सक्नेछ ।

(२) सम्बन्धित कार्यालयले प्रचलित संघीय, प्रादेशिक र स्थानीय कानूनहरुको पालना गरी कार्यक्रम सञ्चालन एवम् विनियोजित सशर्त बजेटको खर्च गर्नु पर्नेछ।

१०. **सुविधाको न्यूनतम मापदण्डः** प्रदेश मन्त्रालय तथा अन्तर्गतका निकाय र स्थानीय तहले सशर्त कार्यक्रम अन्तर्गत सञ्चालन गरिने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निकायबाट सञ्चालन गरिने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम पूर्वाधार निर्माण (सार्वजनिक पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार) को हकमा अधिकतम १००% हुनेछ।

(ख) कृषक समूह वा सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु वा उद्यमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका पशुपन्छी तथा मत्स्य विकास पूर्वाधारहरु (सामुदायिक पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार) को हकमा अधिकतम ८५% हुनेछ।

(ग) निजी एवं व्यावसायिक प्रयोजनका पशुपन्छी तथा मत्स्य विकास पूर्वाधारहरु (निजी पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार) को हकमा अधिकतम ५०% हुनेछ ।

(घ) प्रविधि प्रसार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ।

## परिच्छेद ४
## कार्यक्रम र प्राविधिक पक्ष

११. स्थानीय तह मार्फत सञ्चालन हुने सशर्त कार्यक्रमहरु

सशर्त अनुदानमा गएका सम्पूर्ण कार्यक्रमहरुलाई तीन वर्गमा विभाजन गरिएको छः

१. प्रतिफलमा आधारित प्रोत्साहन तथा ब्यवसाय विस्तार पुरक अनुदान कार्यक्रम,

२. पूर्वाधार विकास/निर्माण कार्यक्रम,

३. सेवामूलक/ सेवाप्रवाह सुदृढीकरण कार्यक्रम,

**११.१ प्रतिफलमा आधारित प्रोत्साहन तथा ब्यवसाय विस्तार पुरक अनुदान कार्यक्रम**

प्रतिफलमा आधारित अनुदानको सन्दर्भमा पालिकाले यस कार्यबिधिमा उल्लेखित शर्तहरु कार्यान्वयन सहित आवश्यकता अनुसार उत्पादनमा आधारित रही अनुदान उपलब्ध गराउन कार्यबिधिमा बिस्तृतीकरण गर्न



डा. रेवती रमण पौडेल
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सक्नेछन्। सेवामूलक/ सेवाप्रवाह सुदृढीकरण कार्यक्रम र पूर्वाधार विकास/निर्माण कार्यक्रमहरु सञ्चालन गर्दा यस कार्यविधिमा उल्लिखित शर्त र प्रावधानका आधारमा गर्न सकिने छ।

**११.२ उत्पादनमा आधारित अनुदान कार्यक्रमहरु सञ्चालन गर्दा देहाय बमोजिम शर्तहरु तोक्न सकिने छः**

| सि.नं. | कार्यक्रम | शर्तहरु | अनुदान रकम |
|---|---|---|---|
| १. | (क) गाई/भैसी प्रवर्द्धन कार्यक्रम, चौंरी प्रवर्द्धन कार्यक्रम र दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम<br>(ख) पशुपालन प्रवर्द्धन कार्यक्रम र व्यवसायिक पशुपालन कार्यक्रम | (क)दूध उत्पादन र संगठित संस्थामा दूध बिक्रीको परिमाणको आधारमा<br>(ख) मौजुदा बथानमा थपिएका, जन्मिएका बिक्रि गरिएका, बीमा गरिएका पशु सङ्ख्या आदिको आधारमा | (क) पालिकाले प्रति लिटर अनुदान रकम तोकी उपलब्ध गराउन सक्नेछ।<br>(ख)पालिकाले प्रति पशु अनुदान रकम तोकी उपलब्ध गराउन सक्नेछ। |
| २. | (क) पाडा प्रवर्द्धन कार्यक्रम<br>(ख)बङ्गुर प्रवर्द्धन कार्यक्रम<br>(ग) बाख्रा प्रवर्द्धन कार्यक्रम<br>(घ) मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रम<br>(ङ) मासु प्रवर्द्धन कार्यक्रम (बाख्रा/भेडा/ बंगुर/पाडा)<br>(च) मासु मिसन कार्यक्रम अन्तर्गत बाख्रा प्रवर्द्धन कार्यक्रम | मौजुदा पशु बथानमा थपिएका, जन्मिएका, बिक्रि गरिएका पशु सङ्ख्या आदिको आधारमा | पालिकाले प्रति पशु अनुदान रकम तोकी उपलब्ध गराउन सक्नेछ। |
| ३. | (क)हरियो घाँस विस्तार कार्यक्रम<br>(ख)साईलेज प्रवर्द्धन कार्यक्रम, पशु दाना प्रवर्द्धन कार्यक्रम र | (क)हरियो घाँस खेती गरिएको क्षेत्रफलको आधारमा<br>(ख)उत्पादन परिमाणको आधारमा | (क)पालिकाले प्रति हेक्टर, प्रति रोपनी, प्रति बिघा क्षेत्रफलको आधारमा अनुदान रकम तोकी उपलब्ध गर्न सक्ने<br>(ख)पालिकाले प्रति के.जी. साइलेज, हे, |



डा. रेवती रमण पौडेल
सचिव

| | | | |
|---|---|---|---|
| | पशु आहारा प्रवर्द्धन कार्यक्रम<br>(ग) खर्क विकास कार्यक्रम<br><br>(घ) घाँसको बिउ बेर्ना उत्पादन | <br><br>(ग) खर्क विकास गरिएको क्षेत्रफलको आधारमा<br><br>(घ) घाँसको बिउ, बेर्ना, सेट्स आदिको उत्पादन परिमाणको आधारमा | टि.एम.आर., UMMB उत्पादनको आधारमा अनुदान रकम तोकी उपलब्ध गराउन सक्नेछ।<br>(ग) पालिकाले प्रति हेक्टर, प्रति रोपनी, क्षेत्रफलमा खर्क सुधार/विस्तारको आधारमा अनुदान रकम तोकी उपलब्ध गराउन सक्नेछ।<br>(घ) पालिकाले प्रति के.जी. बिउ उत्पादन र प्रति गोटा बेर्ना,सेट्स आदि उत्पादनको आधारमा अनुदान रकम तोकी उपलब्ध गराउन सक्नेछ। |
| ४. | छुर्पी प्रवर्द्धन कार्यक्रम | उत्पादन परिमाणको आधारमा | पालिकाले प्रति के.जी. छुर्पि उत्पादनमा अनुदान रकम तोकी उपलब्ध गराउन सक्नेछ। |
| ५. | सामुदायिक (छाडा) चौपाया व्यवस्थापन | व्यवस्थापन गरिएका छाडा चौपायाको सङ्ख्याको आधारमा | पालिकाले प्रति पशु अनुदान रकम तोकी उपलब्ध गराउन सक्नेछ। |
| ६. | कृषि/पशुपन्छी बजार पूर्वाधार कार्यक्रम (सङ्कलन केन्द्र/ भण्डारण) | पशुपन्छी सङ्कलन, बिक्रि बितरण तथा पशुजन्य उत्पादन भण्डारण परिमाण आदिको आधारमा | पालिकाले सङ्कलन भएका प्रति पशु सङ्ख्याको आधारमा अनुदान रकम तोकी उपलब्ध गराउन सक्नेछ।<br>सङ्कलन केन्द्र तथा भण्डारण स्थलमा सङ्कलन तथा भण्डारण भएका पशुजन्य उत्पादनलाई प्रति लिटर, प्रति के.जी. अनुदान रकम तोकी उपलब्ध गराउन सक्नेछ। |
| ७. | माछा प्रवर्द्धन कार्यक्रम | मौजुदा क्षेत्रफलमा थप भएको क्षेत्रफलको आधारमा | पालिकाले प्रति हेक्टर, प्रति बिघा, प्रति रोपनी अनुदान रकम तोकी उपलब्ध गराउन सक्नेछ। |

डा. रेवती रमण पौडेल
सचिव

**११.३ बजार प्रवर्द्धन कार्यक्रम (पूर्वाधार विकास/निर्माण कार्यक्रम):** (१) पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरण मार्फत पशुपालन क्षेत्रको व्यावसायिक रुपान्तरण एवं दीगोपन सुनिश्चित गर्ने उद्देश्यले बजार प्रवर्द्धन लक्षित देहाय बमोजिमका सशर्त कार्यक्रमहरु सञ्चालन गरिनेछः-

(क) पशु वधशाला स्थापना / भौतिक संरचना विस्तार

(ख) पशु हाटबजार निर्माण

(ग) चिलिङ सेन्टर स्थापना

(घ) पशु स्रोत केन्द्र स्थापना

(ङ) बाख्रा स्रोत केन्द्र स्थापना भेडा बाख्रा प्रवर्द्धन कार्यक्रम

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम अन्तर्गत बजार प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ७ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनेछ ।

(३) उपदफा (१) मा उल्लेखित बजार प्रवर्द्धन सम्बन्धित सशर्त कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) कार्यक्रमको प्रकृति अनुसार आवश्यक भौतिक संरचना निर्माण/स्तरोन्नती, बारबन्देज, टायल/मार्वल फिटिङ्ग, ढल निकास, जैविक सुरक्षा र सरसफाई व्यवस्थापन ।

(ख) कार्यक्रमको प्रकृति अनुसार आवश्यक मेशिनरी, औजार, यन्त्र, उपकरण, विशेष प्रकारका तोकिए बमोजिमको ढुवानी साधन आदि व्यवस्थापन ।

(ग) कार्यक्रमको प्रकृति अनुरुपका बिक्रि कक्ष, आउटलेट, भेण्डिङ् मेशिन, कण्टेनर, फ्रिजर, डिपफ्रिज, कोल्ड रुम, ब्लास्टिङ् रुम, मिनी प्रयोगशाला, भ्याकुम प्याकर, स्टेनलेस स्टिल टेबल र मिट कटर, चपिङ्ग बोर्ड, ईलेक्ट्रिक वेयिङ्ग मेसिन, प्याकेजिङ् मेशीन तथा अन्य यन्त्र उपकरण ।

(घ) कार्यक्रमको प्रकृति अनुरुपका पशु, दूध र मासुका ढुवानी र भण्डारण साधन ।

(ङ) पशु वधशालाको हकमा पशु सेवा विभागले तोकेको मापदण्ड तथा निर्देशिका अनुसारका संरचना तथा पूर्वाधार निर्माण, सुधार ।

(च) हाट बजार तथा सङ्कलन केन्द्र लक्षित संरचना र खानेपानीको प्रबन्ध, पानी ट्याङ्की निर्माण/खरिद, पाइप फिटिङ्ग तथा मोटर/जेनरेटर/सोलार, पशु तौलने मेशिन आदि व्यवस्थापन ।

(छ) चिलिङ् भ्याट, मिल्क एनालाइजर, स्टेनलेस स्टील क्यान, चिलिङ् भ्याट जडित दूध ढुवानी साधन आदि ।

(ज) सम्बन्धित कार्यालयले आवश्यक र उपयुक्त ठानेका अन्य क्रियाकलापहरु ।

डा. रेवती रमण पौडेल
सचिव

(४) उपदफा (१) बमोजिमका बजार प्रवर्द्धन सम्बन्धी सशर्त कार्यक्रम सञ्चालन गर्दा अवलम्बन गर्नु पर्ने प्राविधिक पक्षहरु र मापदण्डका लागि पशु सेवा विभागबाट विगतमा जारी भएका कार्यविधिहरु अनुसरण गर्न सकिनेछ ।

**११.४. गौशाला पूर्वाधार निर्माण/सुदृढीकरण तथा सामुदायिक (छाडा) चौपाया व्यवस्थापन (पूर्वाधार विकास/निर्माण कार्यक्रम):**

(१) छाडा तथा सामुदायिक पशु व्यवस्थापन गरी पशु कल्याण सुनिश्चितता कायम गर्ने उद्देश्य अनुसार गौशाला पूर्वाधार निर्माण/सुदृढीकरण तथा सामुदायिक (छाडा) चौपाया व्यवस्थापन क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ७ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनुपर्नेछ।

(३) गौशाला पूर्वाधार निर्माण/सुदृढीकरण तथा सामुदायिक (छाडा) चौपाया व्यवस्थापन कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) गौशाला तथा काञ्जी हाउसको लागि भौतिक पूर्वाधार निर्माण, बारबन्देज तथा आवश्यक उपकरण तथा सामाग्री व्यवस्थापन ।

(ख) पशु वस्तुको आहाराको लागि घाँस लगाउने, मिनरल, पराल दाना लगायतका आहारा व्यवस्थापन

(ग) औषधी उपचार, खोप तथा रोग नियन्त्रण ।

(घ) मलमुत्र व्यवस्थापन, गोबर ग्यास प्लाण्ट निर्माण, कम्पोष्ट पिट निर्माण ।

(ङ) गौशालामा आएका पशु पहिचान तथा अभिलेखीकरण ।

(च) गौशालामा व्यवस्थापन गरिएका गाईलाई आवश्यकता अनुसार विशेष उपचार गरी प्रजननयोग्य बनाई समुदायमा पालनको लागि वितरण गर्ने ।

(छ) प्रदेश सरकारको जिल्लास्थित पशु सेवाको निकायले सिफारिश गरेका अन्य कार्यहरु ।

**११.५ ऊनको लागि भेडा प्रवर्द्धन कार्यक्रम (वातावरणीय तथा सेवामूलक कार्यक्रम):** (१) हाल स्वदेशी ऊनजन्य उत्पादन (गलैंचा, कार्पेट, राडी, पाखी, स्वेटर र ऊनबाट बनेका अन्य सामग्री) का लागि आवश्यक पर्ने उल्लेख्य मात्रामा ऊन विदेशबाट आयात हुने गरेको स्थितिमा सुधार गरी ऊनको आन्तरिक आपूर्ति अभिवृद्धि, आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष हासिल गर्न सघाउ पुर्‍याउने उद्देश्यले ऊन उत्पादन गर्ने सम्भावना बोकेका स्थानीय तहहरुमा ऊन उत्पादनका लागि भेडा प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरिनेछ।

डा. रेवती रमण पौडेल
सचिव

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ७ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनेछ।

(३) उपदफा (१) मा उल्लेखित ऊन प्रवर्द्धन सम्बन्धित सशर्त कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) गोठ/खोर निर्माण/सुधार तथा मलमूत्र निकासको प्रबन्ध ।

(ख) घुम्ती गोठका लागि त्रिपाल, टेण्ट, स्लिपिङ ब्याग, म्याट, तुम्लेट, सोलार लाइट, नाइलन नेट, रेनकोट, गमबुट, टर्चलाइट, किटबक्स आदिको प्रबन्ध ।

(ग) ऊन काट्ने कैंची, ऊल सियरर, चर्खा, उन कोर्ने काइँयो, फेल्टिङ्ग मेशिन तथा ऊन प्रशोधन र ऊनजन्य बस्तु उत्पादनका लागि आवश्यक यन्त्र उपकरणहरु ।

(घ) खाने पानीको प्रबन्ध, ट्याङ्की निर्माण/खरिद, पाइप फिटिङ्ग आदी ।

(ङ) औषधी उपचार, परजिवी नियान्त्रण तथा खोप कार्य सञ्चालन ।

(च) भेडी गोठका कुकुरहरुलाई रेबिज विरूद्धको खोप र जुकाको औषधि व्यवस्थापन ।

(छ) पशु पहिचान, अभिलेखिकरण र जैविक सुरक्षा सम्बन्धी कार्यहरु।

**११.६. कृत्रिम गर्भाधान मिशन कार्यक्रम (सेवामूलक/ सेवाप्रवाह सुदृढीकरण कार्यक्रम):**

(१) पशु नश्ल सुधारका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी दूध र मासुमा आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सघाउ पुऱ्याउने उद्देश्य अनुरुप कृत्रिम गर्भाधान मिशन कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ७ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनुपर्नेछ।

(३) कृत्रिम गर्भाधान मिशन कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि आवश्यक फ्रोजन सिमेन र तरल नाइट्रोजन खरिद, ढुवानी र वितरण ।

(ख) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि लजिस्टिक (नाइट्रोजन कण्टेनर, रेफ्री, ग्लोब, सिथ, थर्ईङ्ग किट, एप्रोन, गमबुट, ए.आई. गन आदि) व्यवस्थापन ।

(ग) ए.आई गर्ने किसानलाई प्रोत्साहन रकम ।

डा. रेवती रमण पौडेल
सचिव

११.७ **पशुपन्छी रोग अन्वेषण, नियन्त्रण तथा नियमन सम्बन्धी कार्यक्रमहरु (सेवामूलक/ सेवाप्रवाह सुदृढीकरण कार्यक्रमहरु):: (१)** पशुपन्छीमा देखा पर्ने विभिन्न रोग तथा स्वास्थ्य चुनौतीहरुको व्यवस्थापन गर्दै पशुजन्य पदार्थको गुणस्तर सुनिश्चितता गर्न र निर्यात प्रवर्द्धनलाई सघाउ पुऱ्याउने उद्देश्यले पशुपन्छी रोग अन्वेषण, नियन्त्रण तथा नियमन सम्बन्धी देहाय बमोजिमका सशर्त कार्यक्रमहरु सञ्चालन हुनेछः-

(क) इपिडेमियोलोजिकल रिपोर्टिङः

(१) पशुपन्छीमा देखापर्ने विभिन्न रोगहरुको आउटब्रेक अन्वेषण तथा रिपोर्टिङ्गलाई रियल टाईममा आधारित बनाई समन्वयात्मक रुपमा तत्काल रोग नियन्त्रणका लागि यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहले *अनुसूची-९* बमोजिम तत्काल वा मासिक रुपमा इपिडेमियोलोजिकल रिपोर्टिङ गर्नु पर्नेछ। पशु सेवा विभागबाट वेबमा आधारित राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणालि सञ्चालन गरेका पालिकाहरूले अनिवार्य रूपमा सो प्रणालिमार्फत समेत रिपोर्टिङ गर्नु पर्नेछ।

(३) इपिडेमियोलोजिकल सूचना सङ्कलन तथा तयारीको लागि देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) इपिडेमियोलोजिकल सूचना सङ्कलन तथा विश्लेषणका लागि स्टेशनरी सामग्री व्यवस्थापन

(ख) इपिडेमियोलोजिकल सूचना सङ्कलनका लागि सवारी साधनको इन्धन व्यवस्थापन

(ग) इपिडेमियोलोजिकल सूचना प्रेषणका लागि हुलाक खर्च

(घ) प्रदेशको जिल्लास्थित कार्यालय समेतको सहभागितामा स्थानीय तहका सरकारी तथा निजी क्षेत्रमा कार्यरत पशु स्वास्थ्यकर्मीसँग त्रैमासिक वैठक ।

(ख) **पशुपन्छी रोग अन्वेषण, नमूना सङ्कलन तथा प्रेषणः** (१) पशुपन्छी तथा माछाका रोगहरुको पहिचान प्रयोगशाला परिक्षणबाट गरी सहि उपचार तथा रोकथाम गर्ने उद्देश्य अनुसार रोग अन्वेषण, नमूना सङ्कलन तथा प्रेषण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) नमूना सङ्कलन गर्दा केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाले प्रकाशन गरेको भेटेरिनरी प्रयोगशाला प्रविधि पुस्तिका **(*www.cvl.gov.np* मा उपलब्ध रहेको)** मा उल्लेख भए अनुसार रोग विशेषका लागि तोकिए अनुसारको उपयुक्त नमूना सङ्कलन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सङ्कलन गरेको नमूना तोकिए अनुसार भण्डारण गरी तोकिए अनुसारका फर्मेट भरी नमूना साथ संलग्न राखी परिक्षणको लागि नजिकको पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा पठाउनु पर्नेछ ।

(४) पशु सेवा विभागले स्वीकृत गरेको सर्भिलेन्स कार्य-योजना अनुसार तोकिएका रोग विशेषका लागि तोकिएका नमूना सङ्कलन गरी तोकिएका प्रयोगशालामा अनिवार्य रुपमा पठाउनु पर्नेछ।

(५) पशुपन्छी रोग अन्वेषण, नमूना सङ्कलन तथा प्रेषण कार्यक्रम अन्तरगत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) नमूना सङ्कलन गर्न आवश्यक पर्ने सामग्री व्यवस्थापन

(ख) नमूना सङ्कलन गर्ने प्राविधिकको सुरक्षाका लागि चाहिने ग्लोब्स, मास्क, एप्रोन, फेस सिल्ड लगायतका सुरक्षाका सामान व्यवस्थापन

(ग) नमूना ढुवानी गर्न आवश्यक पर्ने कुलबक्स, आईस प्याक लगायतका सामग्री व्यवस्थापन

(घ) नमूना सङ्कलन गर्दा प्रयोग गर्ने निःसंक्रमण गर्ने केमिकल लगायतमा सामग्री व्यवस्थापन

(ङ) नमूना को ढुवानी खर्च

(च) प्राथमिक उपचारका सामाग्री, औषधी आदि व्यवस्थापन

(छ) स्थलगत अनुगमन (रोग फैलिएको क्षेत्रको इपिडेमियोलोजोकल रिपोर्ट, रोगी पशुको विवरण लगायतका विवरण सहितको प्रतिवेदन तयारी) ।

(ग) **रेबिज नियन्त्रण कार्यक्रमः** (१) संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि सङ्गठन (**FAO**), विश्व स्वास्थ्य सङ्गठन (**WHO**), विश्व पशु स्वास्थ्य सङ्गठन (**WOAH**) र रेबिज नियन्त्रणका लागि विश्वव्यापी गठबन्धन (**GARC**) ले विश्वव्यापी रुपमा कुकुरको टोकाइबाट सर्ने रेबिजबाट हुने मानव मृत्युलाई सन् २०३० भित्र शून्यमा झार्ने लक्ष्य लिएकोमा नेपालमा समेत यो लक्ष्य प्राप्त गरी मानव जीवन रक्षा गर्ने उद्देश्य अनुरुप रेबिज नियन्त्रण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रेबिज नियन्त्रण कार्यक्रम अन्तरगत घरपालुवा, सामुदायिक तथा छाडा कुकुरमा रेबिज खोप कार्य सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यका लागि रेबिज रोग नियन्त्रण कार्यक्रमका लागि विनियोजित कुल बजेटको न्यूनतम ५०% रकम खर्च गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको कार्य बाहेक रेबिज नियन्त्रण कार्यक्रम अन्तरगत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) स्थानीय तहमा गैर-सरकारी क्षेत्रमा रेबिज नियन्त्रणमा कार्यरत संघ-संस्थाको अभिलेखीकरण

(ख) सामुदायिक तथा छाडा कुकुर गणना गरी म्यापिङ गर्ने

(ग) घरपालुवा कुकुरको दर्ता अभिलेखीकरण गरी सम्बन्धित धनीलाई दर्ता प्रमाण-पत्र दिने

(घ) सामुदायिक तथा छाडा कुकुरको संख्या नियन्त्रण गर्ने



डा. रेवती रमण पौडेल
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा कार्यरत सरोकारवालासँग रेबिज नियन्त्रणको लागि अन्तरक्रिया गर्ने

(च) रेबिज रोग नियन्त्रण सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्ने

(छ) रेबिज रोग सर्भिलेन्स, नमूना प्रेषण तथा रिपोर्टिङ गर्ने

(ज) रेबिज रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम प्रकाशन, प्रसारण तथा सञ्चालन गर्ने

**पुनश्चः** रेबिज विरूद्धको खोप कार्यका लागि खोप कार्ययोजना तयार गरी रेबिज रोगको जोखिम क्षेत्र पहिचान गरी उक्त स्थानमा रहेको कुकुर सङ्ख्या यकिन गर्नुपर्ने।

(घ) **महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम** (१) पशुपन्छीमा महामारीजन्य रोगहरू बेलबखतमा देखा परिरहने भएकोले उक्त रोगहरू तत्काल नियन्त्रण गरी अन्य क्षेत्रमा फैलिन नदिन महमारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। पशुपन्छीमा देखिने विभिन्न महामारीजन्य रोगहरू जस्तै लम्पी स्किन रोग, खोरेत, पिपिआर, रानीखेत, रेबिज, क्लासिकल/अफ्रिकन स्वाईन फिभर, भ्यागुते, चरचरे, ब्रुसेलोसिस, बर्ड फ्लु आदि नियन्त्रण तथा आकस्मिक रोग अन्वेषण लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) औषधि खरिद गर्ने

(ख) खोप व्यवस्थापन गर्ने

(ग) नमूना सङ्कलन तथा सम्प्रेषण

(घ) आउटब्रेक अन्वेषण तथा व्यवस्थापन

(ङ) खोपको प्रभावकारिता परिक्षण

(३) पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तरगत खोप कार्य सञ्चालन गर्दा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रममा खोप कार्यमा संलग्न प्राविधिक भ्याक्सिनेटरहरुलाई पशुपन्छीमा खोप लगाए वापत ठूला चौपायाहरुको हकमा हिमाल पहाडमा प्रति पशु रु ४० तराईमा प्रति पशु रु ३० र साना चौपायहरुको हकमा प्रति पशु रु १० र पन्छीको हकमा प्रति पन्छी रु १ सुबिधा वापत रकम उपलब्ध गराउन सकिनेछ।

(४) उपदफा (३) बमोजिम भ्याक्सिनेटरकोरुपमा काम गर्ने प्राबिधिकहरुको खोप कार्य सञ्चालन हुने अवधिभरको लागि खोप कार्यमा हुनसक्ने जोखिम रक्षावरण गर्न स्वास्थ्य तथा जीवन वीमा भ्याक्सिनेटर नियुक्त गर्ने निकायले गर्न सक्नेछ ।

(ङ) **पशुपन्छी रोग अन्वेषणका लागि आधारभुत प्रयोगशाला कार्यक्रमः-** (१) छिटो छरितो तरिकाले स्थानीय स्तरमा विश्वसनीय रोग निदानको सेवा प्रदान गर्नको लागि आधारभुत प्रयोगशाला संचालन गर्नु पर्नेछ।



डा. रेवती रमण पौडेल
सचिव

(२) उपदफा (१) बमोजिमको प्रयोगशालामा न्यूनतम गोबर परिक्षण, थुनेलोको परिक्षण, स्कीन स्क्रापिङ्ग परिक्षण, र रगतको परिजीवि परिक्षणको कार्य गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिएको परिक्षण सम्बन्धी प्रयोगशाला प्रतिवेदन प्रदेश स्थित पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको प्रयोगशाला परिक्षणको कार्य गर्नको लागि देहायका आवश्यक उपकरण तथा केमिलक रिएजेन्टहरू खरिद गर्न सकिने छन्।

(क) बाईनोकुलर माईक्रोस्कोप

(ख) अटोक्लेभ

(ग) सेन्ट्रिफ्यूज

(घ) हट-एयर ओभन

(ङ) आईस लाईन रेफ्रिजरेटर

(च) म्याक-मास्टर स्लाईड (McMaster Slide)

(छ) प्रयोगशाला डिजिटल तराजु

(ज) ग्लास स्लाईड

(झ) माईक्रो पिपेट

(ञ) CMT Paddle तथा रिएजेण्ट

(ट) गोबर तथा रगत परिक्षणका लागि चाहिने आवश्यक केमिकल रिएजेण्टहरू

(ठ) स्कीन स्क्रापिङ्ग परिक्षणका लागि चाहिने आवश्यक केमिकल रिएजेण्टहरू

(ड) थुनेलो परिक्षणका लागि चाहिने आवश्यक केमिकल रिएजेण्टहरू

(ढ) (५) उपदफा (४) मा भएका बाहेक अन्य उपकरण तथा केमिकल रिएजेन्टहरू खरिद गर्न आवश्यक भएमा विभागसँग समन्वय गरी खरिद गर्नुपर्नेछ। माईक्रोस्कोप खरिद स्पेसिफिकेसन अनुसूची १० मा रहेको छ ।

११.८ अपाङ्ग व्यक्ति लक्षित कृषि रोजगार कार्यक्रम (सेवामूलक कार्यक्रम): (१) सम्बन्धित कार्यालयले यस कार्यविधिको दफा ४ बमोजिम सशर्त कार्यक्रम अन्तर्गत पशुपन्छी उत्पादन कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको पहिचान गरी दफा ७ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट अनुमोदन गराउनुपर्नेछ।

(२) अपाङ्ग कृषक समूह लक्षित कृषि रोजगार कार्यक्रमको हकमा अपाङ्गता भएका व्यक्ति/कृषक समूह हुनु पर्नेछ। सो कार्यक्रमको लागि सम्बन्धित पालिकाबाट थप विस्तृतीकरण गरी कार्यक्रम स्वीकृत गर्न सकिनेछ।

डा. रेवती रमण पौडेल
सचिव

## १२. प्रदेश मार्फत सञ्चालन हुने सशर्त कार्यक्रमहरु

### १२.१. पशुपन्छीका रोग नियन्त्रणका लागि खोप अभियान कार्यक्रम

यस कार्यक्रम सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ अनुसार कार्य सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद ५

## विविध

**१३. प्रतिवेदन पेश गर्नुपर्ने** (१) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित कार्यालयले *अनुसूची-७* बमोजिम अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा पशु सेवा विभागमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए अनुसारका विवरण उपलब्ध गराउनु सम्बन्धित कार्यालयको जिम्मेवारी हुनेछ ।

(२) पशु सेवा विभागले अर्ध-वार्षिक तथा वार्षिक प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ ।

(३) कार्यक्रमको नियमित प्रगति प्रतिवेदन पेश नगर्ने तथा प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन नगर्ने प्रदेश/स्थानीय तहहरुलाई आगामी आर्थिक वर्ष सशर्त कार्यक्रममा प्राथमिकता दिइने छैन।

(४) सम्बन्धित कार्यालयले सार्वजनिक जानकारीको लागि अनुदानग्राहीहरुको विवरण नियमित अध्यावधिक गरी प्रकाशन तथा सार्वजनीकरण गर्नुपर्नेछ। साथै त्यस्तो अनुदान विवरणको अभिलेख राख्नु पर्नेछ।

**१४. कार्यक्रमको जानकारी दिनुपर्ने:** अनुदानमा सञ्चालित पूँजीगत प्रकृतिका कार्यक्रमको हकमा सम्बन्धित अनुदानग्राहीले आफूले सञ्चालन गरेको सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम सम्बन्धी जानकारीमूलक विवरण *अनुसूची-८* बमोजिमको ढाँचामा तयार गरी कार्यक्रम स्थलमा सबैले देख्ने गरी राख्नु पर्नेछ।

**१५. बीमा गर्नु पर्ने:** (१) यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले पशुपन्छी तथा मत्स्य र भौतिक पूर्वाधारहरुको बीमा गर्नु पर्नेछ ।

(२) बीमा नगरेको अवस्थामा पुग्न जाने क्षतिको लागि अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

**१६. असुल उपर हुने:** कार्यविधि बमोजिम अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गरेको पाईएमा वा अनुदान रकमको दुरुपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**१७. दोहोरो सुविधा लिन नपाउने:** (१) अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश र स्थानीय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। तर अन्य साझेदार निकायसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन।



डा. रेवती रमण पौडेल
सचिव

नेपाल सरकार
